सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३।०३।०६ गते )

वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ८ मा सञ्चालित तपसिल बमोजिम खानेपानी योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् र इलेक्ट्रिकल लिफ्ट प्रणालीमा प्रयोग हुने आवश्यक सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामग्रीहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

तपसिलः

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी योजना/उपभोक्ता समितिको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित, भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| 55002-08DWSB | ठूलोखोला ज्यामिरे लिफ्ट खानेपानी योजना उपभोक्ता समिति (ग्राभिटि भाग) | २२४८२२३० ८०११०४७० | २९,००,२८०।३४ | ३०००।- | ७२,६००।०० |

शर्तहरुः

१ विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) वनगाड कुपिण्डे नगरपालिकाको सल्लीबजार शाखामा रहेको लक्ष्मि सनराईज बैंक लिमिटेड Account Name GA. 1.1 AANTARIK RAJASWO KHATA BANGAD KUPINDE, Account Number 06903000017 मा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा https://sutra.fcgo.gov.np मार्फत सृजित भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा उल्लेखित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समय भित्र सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको आयोजना सहयोग इकाइ सुर्खेत वा नगर कार्यपालिकाको कार्यालय वनगाड कुपिण्डे नगरपालिकाबाट खरिद गर्न सकिनेछ।

२ खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको आठौं दिन (आठौं दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) को १२:०० बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा उपभोक्ता समितिको बैंकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं 55002-08DWS, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

३ सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ता समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ।

४ सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले आठौं दिन / सार्वजनिक विदा परेकोले कार्यालय खुलेको दिनको १२:०० (२०८३।०३।१५ गते) बजे भित्र खरिद गरिएको कार्यालय आयोजना सहयोग इकाइ सुर्खेत वा वनगाड कुपिण्डे नगरपालिकाको कार्यालय देवस्थलमा प्राप्त भईसक्नु पर्नेछ ।

५ सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले रोडहेडसम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

६ उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।०३।१५ गते दिउसो ४।५५ बजे नगरकार्यपालिकाको कार्यालय देवस्थलमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

७ दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

८ म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिमा सुरक्षित रहनेछ ।

१० यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

११ यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना नगर कार्यपालिकाको कार्यालय, देवस्थलको सूचना पाटीमा टाँस गरिनेछ ।

१२ अन्य थप जानकारी चाहिएमा आयोजना सहयोग इकाइ सुर्खेत वा सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४७८८६८७१ वा ९८४९५२७००४) मा सम्पर्क गर्न सकिनेछ ।

खरिद समिति